संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ५८

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल भदौ २६ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री आशा कुमारी वि.क.
२. मा० श्री ईन्दु कुमारी शर्मा
३. मा० श्री उमा रेग्मी
४. मा० श्री उमाशंकर अरगरिया
५. मा० श्री कलिला खातुन
६. मा० श्री कृष्णगोपाल श्रेष्ठ
७. मा० श्री खगराज अधिकारी
८. मा० श्री गगन कुमार थापा
९. मा० श्री गणेश कुमार पहाडी
१०. मा० श्री गणेश सिंह ठगुन्ना
११. मा० श्री गौरी शंकर चौधरी
१२. मा० श्री गंगा चौधरी (सत्गौवा)
१३. मा० श्री घनश्याम खतिवडा
१४. मा० श्री चाँद तारा कुमारी
१५. मा० श्री छक्क बहादुर लामा
१६. मा० श्री जुली कुमारी महतो

तदुपरान्त सम्माननीय सभामुखले डेंगु लगायतका विषयमा केहि दिनदेखि मा० सदस्यहरुले बैठकमा कुरा उठाउनु भएको छ त्यसतर्फ सरकार र स्वास्थ्य मन्त्रीको ध्यानाकर्षण गराउँछु भन्नुहुँदै सो सम्बन्धमा सदनमा जवाफ दिन समेत निर्देश गर्नुभयो ।

तत्पश्चात प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री पम्फा भुषाल
२. मा० डा० अमरेश कुमार सिंह
३. मा० श्री महिन्द्र राय यादव
४. मा० श्री रेनुका गुरुङ्ग
५. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
६. मा० श्री दुर्गा पौडेल
७. मा० श्री सरिता कुमारी गिरी
८. मा० श्री सुजाता परियार
९. मा० श्री राजबहादुर बुढाक्षेत्री
१०. मा० श्री संजय कुमार गौतम
११. मा० श्री तेजुलाल चौधरी
१२. मा० श्री शान्ता चौधरी
१३. मा० श्री रेखा कुमारी
१४. मा० श्री प्रेम सुवाल

त्यसपछि प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले सभामा उत्पत्ति भएका "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) विधेयक, २०७५" र "प्रहरी समायोजन विधेयक, २०७५" का सम्बन्धमा राष्ट्रिय सभाबाट संशोधन सहित प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले "लोक सेवा आयोग विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "लोक सेवा आयोग विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री दिव्यमणि राजभण्डारी
२. मा० श्री लक्ष्मणलाल कर्ण
३. मा० श्री दिलेन्द्र प्रसाद बडू
४. मा० श्री संजय कुमार गौतम
५. मा० श्री राजेन्द्र कुमार के.सी.
६. मा० श्री छक्क बहादुर लामा
७. मा० श्री नवराज सिलवाल
८. मा० श्री नविना लामा
९. मा० श्री उमाशंकर अरगरिया
१०. मा० श्री बिमला बि.क.
११. मा० श्री विमला विश्वकर्मा
१२. मा० श्री दुर्गा कुमारी वि.क.

१३. मा० श्री रेनुका गुरुङ्ग
१४. मा० श्री प्रेम सुवाल
१५. मा० श्री गंगा चौधरी (सत्गौवा)

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “लोक सेवा आयोग विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० परराष्ट्र मन्त्री श्री प्रदिपकुमार ज्ञवालीले “सम्माननीय राष्ट्रपतिबाट सन्देश सहित फिर्ता भएको राहदानी विधेयक, २०७५ माथि पुर्नविचार गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि प्रतिनिधि सभा अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले पेश गरेको प्रतिवेदन सहित सभाबाट पारित विधेयक र सो विधेयकका सम्बन्धमा सम्माननीय राष्ट्रपतिबाट पठाइएको सन्देशमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री देवप्रसाद गुरुङ
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री भरत कुमार शाह
४. मा० श्री पुष्पा भुसाल (गौतम)
५. मा० श्री चाँदतारा कुमारी
६. मा० श्री मोहन बानियां
७. मा० श्री राजेन्द्र कुमार के.सी.

तदुपरान्त मा० परराष्ट्र मन्त्री श्री प्रदिपकुमार ज्ञवालीले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० परराष्ट्र मन्त्री श्री प्रदिपकुमार ज्ञवालीले सम्माननीय राष्ट्रपतिबाट सन्देश सहित फिर्ता भएको “राहदानी विधेयक, २०७५ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर बैठक २०७६ साल भदौ २९ गते आइतबार दिनको १:०० बजे बस्नेगरी दिनको ४:०५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव